सुदूरपश्चिम प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

धनगढी, कैलाली

## कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०६/२६

यस मन्त्रालयको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रमहरु संचालनका लागि सुदूरपश्चिम प्रदेश भित्रका ईच्छुक कृषक समुह/सहकारी/कृषि फर्म/कृषि उद्यमी/समिति/कम्पनी/गौशाला/स्थानीय तह/बाली वस्तु व्यवसायिक संघ/प्रशोधनकर्ता/कृषि व्यवसायीहरुबाट सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र आवश्यक कागजातहरु सहित तोकिएको ढाँचामा यस मन्त्रालय वा जिल्ला स्थित कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुमा प्रस्ताव तथा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (रु. लाखमा) | आवश्यक शर्त एवं विवरणहरु |
|---|---|---|---|
| १ | प्राङ्गारिक मल उत्पादनका लागि मेसिन खरिद (BOT) | ३०० | • कृषि उद्यमी, कृषक समूह, कृषि/बहुउद्देश्यीय सहकारी सँस्था, कृषि फर्म, गौशाला, स्थानीय तहले आवेदन दिन सक्ने ।<br>• मन्त्रालयले प्राङ्गारिक मल उत्पादनका लागि मेशिन उपलब्ध गराउने ।<br>• मेसिनरी जडान र संचालन खर्च आवेदकले व्यहोर्ने ।<br>• प्राँङ्गारिक मल उत्पादनका लागि टहरा तथा कच्चा पदार्थको व्यवस्था आवेदकले गर्नु पर्ने ।<br>• २ कठ्ठा जमिन भएको प्रमाण वा करारनामा/लिजको हकमा कम्तिमा १५ वर्ष सम्मको सम्झौता हुनु पर्ने । |
| २ | बीउ उत्पादकका लागि गोदाम घर, औजार, प्रशोधन, प्याकेजिङ सहयोग | १२५.८ | • बीउ विजन उत्पादन गर्ने अनुमति प्राप्त कृषक समूह, कृषि सहकारी र बीउ कम्पनीहरुले आवेदन दिन सक्ने ।<br>• समुह/सहकारीले कूल लागतको १५ प्रतिशत रकम व्यहोर्नु पर्ने र बीउ कम्पनीले कूल लागतको ५० प्रतिशत रकम व्यहोर्नु पर्ने।<br>• संचालन गरीने प्रमुख क्रियाकलापहरुमा बीउ भण्डारणका लागि गोदाम घर निर्माण र/वा बीउ प्रशोधन, प्याकेजिङ मेशिनरी सहयोग ।<br>• गोदाम घर निर्माण गर्न आवश्यक ५०० वर्ग मिटर जमिन भएको प्रमाण । |
| ३ | लागत साझेदारीमा खाद्य गोदाम घर निर्माण | २०० | • स्थानीय तह र सरकारी स्वामित्वमा रहेका कम्पनीहरुले प्रस्ताव पेश गर्न सक्ने ।<br>• प्रस्तावकले न्यूनतम ५०० वर्ग मिटर जग्गाको सुनिश्चितता गर्ने र मन्त्रालयले गोदाम घर निर्माण गरी हस्तान्तरण गर्ने ।<br>• प्रस्तावकले गोदाम घर संचालनको प्रारुप (मोडालिटी) पेश गर्नु पर्ने । |
| ४ | स्थानीय तहको लागत साझेदारीमा कोल्ड स्टोर/कोल्ड चेम्बर | २०० | • स्थानीय तह, कृषि सहकारी, फर्म/कम्पनीले प्रस्ताव पेश गर्न सक्ने ।<br>• कृषि सहकारी र फर्म/कम्पनीले स्थानीय तह मार्फत प्रस्ताव पेश गर्ने ।<br>• जम्मा लागतको मन्त्रालयले ५० प्रतिशत, स्थानीय तह र/वा सम्बन्धित सहकारी, फर्म/कम्पनीले ५० प्रतिशत व्यहोर्ने ।<br>• कोल्ड स्टोरका लागि १५०० वर्ग मिटर र कोल्ड चेम्बर निर्माणका लागि ५०० वर्ग मिटर जमिन भएको प्रमाण ।<br>• कोल्ड स्टोर/कोल्ड चेम्बर संचालनको प्रारुप (मोडालिटी) पेश गर्नु पर्ने । |

**थप जानकारीको लागि सम्पर्क:**

फोन नं. : ०९१-४१६६२१, ९८५८४२५२००, ९८४८६८८७४३ E-mail : molmac7@gmail.com

डा. मदन सिंह धामी
प्रदेश सचिव

CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली, नेपाल

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (रु. लाखमा) | आवश्यक शर्त एवं विवरणहरु |
|---|---|---|---|
| ५ | लागत साझेदारीमा कृषि वस्तु बजारीकरणका लागि साना ढुवानी साधन (Ambulatory van) सहयोग | ३२० | • कृषि उद्यमी, कृषक समूह, कृषि फर्म, कृषि सम्बन्धी सहकारी/समितिहरुले आवेदन दिन सक्ने ।<br>• साना ढुवानी साधन (Ambulatory Van) खरिदमा ५०% अनुदान दिइने ।<br>• छनौट भएका आवेदकले व्यहोर्नु पर्ने ५०% रकम मन्त्रालयको धरौटी खातामा जम्मा गरेपछि मात्र मन्त्रालयले खरीद गरी हस्तान्तरण गर्नेछ । |
| ६ | मूल्य श्रृखला अभिवृद्धिका लागि कृषि तथा पशुपन्छी विकास कार्यक्रम | १०८ | • कृषिसँग सम्बन्धित फर्म, कम्पनी, समुह, सहकारी संस्था, बाली वस्तु व्यवसायिक संघ वा प्रशोधनकर्ता तथा कृषि व्यवसायीहरुबाट एकल वा साझेदारी वा सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।<br>• न्यूनतम २ कट्ठा जग्गा भएको प्रमाण ।<br>• मेशिनरी उपकरण खरिदमा ५०% अनुदान दिन सक्ने ।<br>• भवन निर्माण/सुधार गर्न कूल लागतको ५०% अनुदान दिन सक्ने । |
| ७ | स्थानीय तहसंगको साझेदारीमा कृषिका व्यवसायिक फर्म संचालन | १०० | • एक स्थानीय तहले एउटा मात्र व्यवसायिक कृषि फर्मको लिखित निवेदन र कार्यक्रम संचालन गर्ने प्रतिबद्धता सहित प्रस्ताव पेश गर्ने।<br>• कूल लागतको मन्त्रालय र स्थानीय तहले ५० % र सम्बन्धित फर्मले ५० % लगानी ब्यहोर्ने गरी मन्त्रालयबाट बढीमा ४ लाखसम्म रकम अनुदान उपलब्ध गराउने ।<br>• फर्मले विगत २ वर्षभित्र रु. १ लाख भन्दा बढी रकम कुनै पनि निकायबाट अनुदान नपाएको स्वघोषणा पेश गर्नु पर्ने । |

**आवश्यक कागजातहरु :**

- नवीकरण सहितको संस्था दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र, आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्र, आ.व. २०७९/८० को वार्षिक लेखा परिक्षण प्रतिवेदन, प्रस्ताव पेश गर्ने सम्बन्धी संचालक समिति बैठकको निर्णय, नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- संरचना निर्माणका लागि मापदण्डमा तोकिए अनुसारको जग्गाको स्पष्ट कित्ता खुल्ने नापी नक्सा र लालपूर्जाको प्रतिलिपि
- कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र सम्बन्धित स्थानीय तहको सिफारिस
- मापदण्ड र नियमावलीमा भएको व्यवस्था बमोजिम सरकारी निकायबाट अनुदान नलिएको स्वघोषणा पत्र
- राजश्व बुझाएको सक्कल भौचर

  राजश्व सम्बन्धी व्यवस्था

  - ✓ कार्यालय : भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
  - ✓ कार्यालय कोड : ३१२००७७०१७
  - ✓ बैंक : राष्ट्रिय वाणिज्य बैंक
  - ✓ खाता नं. : १०००१००२०००१००००
  - ✓ राजश्व शिर्षक : १४२२९
  - ✓ राजश्व दस्तुर : रु. १ लाखदेखि रु. ५ लाखसम्म अनुदानका लागि रु. ३००।- र रु. ५ लाख भन्दा माथिका लागि रु. १०००।—

**थप जानकारीको लागि सम्पर्क:**

फोन नं. : ०९१-४१६६२१, ९८५८४२५२००, ९८४८६८८७४३ E-mail : molmac7@gmail.com

डा.मदन सिंह धामी
प्रदेश सचिव

CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली, नेपाल

अन्य व्यवस्था :

- कार्यक्रमसँग सम्बन्धित आर्थिक प्राविधिक पक्ष र अन्य व्यवस्था सम्बन्धित कार्यक्रमका मापदण्डले तोके बमोजिम हुनेछ ।
- संरचना निर्माण हुने जग्गा सडक सँग जोडिएको, मापदण्ड भित्र परेको, विवाद रहित र संरचना निर्माणका लागि उपयुक्त हुनु पर्नेछ ।
- कार्यक्रम सञ्चालन कार्यविधि, मापदण्ड तथा प्रस्ताव फारमको नमुना यस मन्त्रालयको वेबसाइट (www.molmac.sudurpashchim.gov.np) तथा जिल्ला स्थित कृषि ज्ञान केन्द्र/ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

डा.मदन सिंह धामी
प्रदेश सचिव

__थप जानकारीको लागि सम्पर्क:__
फोन नं. : ०९१-४१६६२१, ९८५८४२५२००, ९८४८६८८७४३ E-mail : molmac7@gmail.com

CamScanner